# गौर नगरपालिका

# स्थानीय राजपत्र

गौर नगरपालिकाद्वारा प्रकाशित

वर्ष ५ गौर आषाढ ९ गते, २०७८ साल अंक १

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौर नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७८ सालको ऐन नं. ३

## गौर नगरपालिकामा कार्यरत कर्मचारीहरूको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावना :** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरू समायोजन भई गौर नगर पालिकामा कामकाज गर्न खटिएपश्चात साबिकको स्थानीय सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन, तह/स्तर वृद्धि बढुवा नभएको कारण गौर नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको सम्वत् २०७४ साल देखि विज्ञापन र बढुवा नहुँदा स्थानीय/नगर सेवाका कर्मचारीहरूको बृत्ति विकास अवरूद्ध भएको अवस्थामा साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी स्थानीय/नगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरूवा भई गौर नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरूको समायोजन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गौर नगरपालिकाको नगर सभाले यो ऐन बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम गौर नगरपालिकाको कर्मचारी समायोजन ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंग अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको गौर नगर पालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन भई गौर नगरपालिकामा पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत अविच्छिन्न रुपमा स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गौर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन र गौर नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएको कुरालाई सम्झनु पर्छ।

(घ) "नगर सभा" भन्नाले गौर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन,

२०७४ को दफा ८४ को बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ । र सो शब्दले तोकिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।

(च) "नगर सेवा" भन्नाले गौर नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले गौर नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "स्थानीय कानुन" भन्नाले गौर नगरपालिकाबाट जारी भएको कानूनलाई सम्झनु पर्छ ।

३. नगर सेवाका कर्मचारी समायोजन गर्ने :

(१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेको वा अन्य स्थानीय निकायमा स्थायी नियुक्त भई नगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाका बखत यस नगरपालिकामा अविच्छिन्न रुपमा कार्यरत स्थानीय/नगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय/नगरसेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | सहायक | |
| २. | सहायक स्तर पाँचौं | अधिकृत स्तर छैठौं | अधिकृत | |
| ३. | सहायक स्तर छैठौं | अधिकृत स्तर सातौं | वरिष्ठ अधिकृत सातौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा/समूह जनाई पदनाम कायम हुनेछ ।

(४) उपदफा १ बमोजिम अधिकृत स्तरको पदमा समायोजन/बढुवा/वृद्धि तह हुनको लागि उपदफा २ बमोजिम कार्यरत कर्मचारीको सेवा अवधि ५ वर्ष पुगेको तथा बढुवाको लागि शैक्षिक योग्यता कम्तीमा स्नातक तह उत्तीर्ण

गरेको हुनु पर्नेछ । स्नातक तह उत्तीर्ण नभएमा बढुवा/तह वृद्धि हुने मुनिको पदमा कम्तिमा १० वर्ष सेवा अवधि पुरा भएको हुनु पर्नेछ । सो पनि नभएमा निजलाई हाल कार्यरत पदमा समायोजन गरी खाई पाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ र सहायक स्तरको पदको लागि सेवा अवधि ५ वर्ष पुरा भई तह वृद्धि हुने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुरा गरेको वा १० वर्ष सेवा अवधि पुरा गरेको हुनु पर्नेछ । सो नभएमा खाईपाई आएको ग्रेडमा २ ग्रेड थप गरिनेछ ।

(५) उपदफा १ बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरूले समायोजनबाट कायम हुने तहका निम्ती तोकिएको तलबमान र सुविधाहरू प्राप्त गर्ने छन् । गणना हुने जेष्ठताका आधारमा समायोजन हुनु पुर्वको तलब तथा भत्ताहरू दावी गर्न पाइने छैन ।

(६) यस दफा बमोजिम नगर सेवाका कर्मचारीहरू समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएका ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

४. **समायोजनको पत्र दिने :**

(१) यस ऐन बमोजिम तह वृद्धि हुने सम्भावित कर्मचारीले विक्रम सम्बत् २०७८ साल चैत्र मसान्तभित्र कार्यरत पदको स्थायी नियुक्ति पत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन पेश गरेमा समायोजनको लागि प्रक्रिया प्रारम्भ भई तह वृद्धि हुने पदको दरबन्दी स्वत: कायम हुनेछ । कर्मचारीहरूलाई गौर नगरपालिकाको निर्णयका आधारमा प्रमुख प्रशासकिय अधिकृतले समायोजन भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने समायेजन पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाको स्वीकृत संगठन संरचना र दरबन्दी निर्धारण गरे बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिनेछ । तथा यस ऐन

बमोजिम तह वृद्धि भएको कर्मचारी सेवाबाट हटेमा निज तह वृद्धि हुनु अघि कार्यरत पदको दरबन्दी नै स्वत: कायम हुनेछ ।

६. **समायोजन भएका कर्मचारीहरूको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरूको तलब तथा अन्य सुविधा नेपाल सरकारबाट निर्धारण भए बमोजिम तथा स्थानीय कानुनले तोके बमोजिम हुनेछ ।

७. **पुल दरबन्दी सम्बन्धी व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरबन्दी कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएको कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना :**

(१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरूको जेष्ठता समायोजन हुनुपूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिने छ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक नियमावली स्वीकृति लगायतका अन्य व्यवस्था मिलाउन सक्नेछ ।

"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार व्यापार सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
## Gaur Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Offcie of the Municipal Executive, Gaur

पत्र संख्याः-　　　　　　　　　　　　　　　　　　　　　　मितिः
चलानी नं.:-

श्री ..................................
　　..............................

**विषयः समायोजन गरिएको सम्बन्धमा।**

कर्मचारी समायोजन ऐन २०७५ र गौर नगरपालिका कर्मचारी समायोजन ऐन २०७८ बमोजिम ...................... देखि जेष्ठता कायम हुने गरी तपाईलाई गौर नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित अधिनमा रही इमान्दारितापुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |

बोधार्थ

..................................
प्रमुख प्रशासकीय अधिकृत

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २ जनकपुरधाम ।
श्री प्रदेश लोक सेवा आयोग जनकपुरधाम ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाडौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमांडौं ।
श्री आर्थिक प्रशासन शाखा, गौर नगरपालिका ।

आज्ञाले
सुभाष कुमार ठाकुर
नि. प्रमुख प्रशासकिय अधिकृत